# मिति २०७९/०९/२७ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या १०२

**बैठकका प्रस्तावहरु**

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. आगामी नगरसभामा पेश गर्ने विषयमा छलफल गर्ने सम्बन्धमा ।
३. जनशक्ति व्यवस्थापन योजना (ONM) मा छलफल गर्ने सम्बन्धमा
४. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा छलफल सम्बन्धमा ।
५. समसामायिक विविध ।

**निर्णयहरु**

१. मिति २०७९/०९/२१ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यन्वयनको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यन्वयन भइ रहेको सहर्ष जानकारी गराइन्छ ।

२. विनियोजन ऐन २०७९ लाई संशोधन गर्न बनेको विधेयक २०७९, स्वीकृतीको लागि १३औं नगरसभामा पेश गर्ने ।

३. कपिलवस्तु नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O and M) स्वीकृतार्थ नगरसभामा पेश गर्ने ।

४. आर्थिक वर्ष २०७८/०७९ मा भए गरेका कामहरुको आधारमा यस वर्ष गरिएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याँकन मा व्यापक छलफल भयो । उक्त मूल्याँकनको नतिजा सन्तोष जनक रहेको र आगामी दिनमा अझै उत्तम अंक प्राप्त गर्न शसक्त रुपमा अगाडी बढ्ने साथै प्राप्त नतिजालाई नगरसभामा छलफल गरि नतिजा प्रकाशन गर्ने ।

**६. समसामायिक विविध निर्णयहरु ।**

१. यस नगरपालिकाले खरिद गरेको सुविधा सम्पन्न एम्बुलेन्स तौलिहवा स्थित प्रदेश अस्पताललाई हस्तानान्तरण भइ सकेको हुँदा नगरपालिकाका विभिन्न वडाबाट विरामी लैजान एउटा एम्बुलेन्स अति आवश्यक भएको हुँदा भारतीय राजदुतावास मार्फत भारत सरकारसंग एक थान एम्बुलेन्स माग गर्ने ।

२. वडा नं. ९ को स्वास्थ्य चौकीमा रहेको एम्बुलेन्स सञ्चालनमा ल्याउनको लागि पछि एम्बुलेन्सको शुल्कबाट उठेको रकमबाट खर्च समायोजन नहुँदा सम्म २०७९ माघ देखि १ गते देखि २०८० असार मसान्त सम्मको लागि मासिक रु. २०,०००/- पारिश्रमिक एम्बुलेन्स चालकलाई उपलब्ध गराउने ।

३. कार्यपालिका सदस्य मानती कहाइनको बुहारी माधुरी कहार अत्यन्त विरामी भइ थप उपचार गराउनु पर्ने र कमजोर आर्थिक अवस्थाको कारण उपचार हुन नसकेको भनी निवेदन प्राप्त भएकोले निजलाई रु. ५०,०००/- आर्थिक सहायता उपलब्ध गराउने।

४. पूरानो घर नक्सा अभिलेखिकरण कार्यविधि २०७९ स्वीकृत गर्ने ।

निर्णय प्रमाणित

२०७९।९।२८